# उन्नत जातका बाख्रा, बोका वितरण तथा व्यावस्थापन सम्बन्धि कार्यविधि, २०७८

दिप्रुङ चुइचुम्मा गाउँपालिका
याङसोलाटार, खोटाङ

# दिप्रुङ चुइचुम्मा गाउँपालिका
## उन्नत जातका बाख्रा, बोका वितरण तथा व्यावस्थापन सम्बन्धि कार्यविधि,

दिप्रुङ चुईचुम्मा गाउँपालिकाले कृषि विकास कार्यक्रम अन्तर्गत गाउँपालिका अधिकांस क्षेत्रमा व्यावसायिक रुपमा बाख्रा पालन सम्भाव्यताको अध्ययन गरी बाख्रा पालन प्रवर्द्धनका लागि कृषकहरुको हितमा रहेर नश्ल सुधार गरी पाठा पाठीको गुणस्तर बृद्धि गरी मासुमा निर्भरता हासिल गर्ने उद्देश्यका साथ उन्नत जातका बाख्रा, बोका तथा पाठापाठीहरु वितरण कार्यक्रम चुस्त, दुरुस्त र प्रभावकारी रुपमा संचालन तथा दिगोपनाका लागि दिप्रुङ चुइचुम्मा गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तर्जुमा गरी लागु गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

क) यस कार्यविधिको नाम " उन्नत जातका बाख्रा, बोका वितरण तथा व्यावस्थापन सम्बन्धि कार्यविधि, २०७८" रहेको छ ।

ख) यो कार्यविधि गाउँकार्यपालिका बाट स्वीकृत भई स्थानिय राजपत्रमा प्रकासित भएपछि लागु हुनेछ ।

**२. परिभाषा :-**

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) **"गाउँपालिका"** भन्नाले दिप्रुङ चुइचुम्मा गाउँपालिका सम्झनु पर्छ ।

ख) **"मन्त्रालय"** भन्नाले "कृषि तथा पशुपन्छि विकास मन्त्रालय" सम्झनु पर्छ ।

ग) **"समिति"** भन्नाले दिप्रुङ चुईचुम्मा गाउँपालिकाको गाउँपालिकास्तरिय कृषि विकास समिति बुझ्नुपर्छ ।

घ)**"उन्नत जात"** भन्नाले नश्ल सुधार गरी अन्तराष्ट्रबाट भित्रिएका जात सम्झनुपर्छ । (जस्तैः बोयर बोका,जमुना पारि, सानन, विटल ।)

**३. गाउँपालिकाले उन्नत जातका बाख्रा,बोका र पाठापाठीहरु वितरण गर्नेछ :-**

गाउँपालिकाले गाउँपालिकाको कृषि सम्बन्धि नीति तथा बजेटमा समावेश भएको कार्यक्रम बमोजिम उन्नत जातका बाख्रा,बोका र पाठापाठीहरु वितरण गर्नेछ ।

**४. गाउँपालिकाकाले तपसिल बमोजिमका आधारहरुमा रहेर उन्नत जातका बाख्रा, बोका र पाठापाठीहरु वितरण गरिनेछ :-**

१) कृषक/कृषि समुह तथा कृषि सहकारी संस्थाले निवेदन दिएमा,

२) निम्न वर्गका व्याक्तिहरु लक्षित गरि प्राथमिकिकरण गरिनेछ ।

३) दर्ता भई निरन्तर रुपमा व्यावसाय गरिरहेका व्यात्क्ति, समुह तथा फर्महरुलाई प्राथमिकिकरण गरिनेछ ।

४) उन्नत जातको बोकाको हकमा व्यात्तिगत २५ माउ बाख्रा पालेको वा. फर्म दर्ता गरि व्यावसायिक रुपमा बाख्रापालन गरेको हुनुपर्ने छ ।

५) उपदफा १, २, ३ र ४ मा जुनसुकै कुरा लेखिएता पनि निवेदन परेका व्यात्ति, समुह तथा फर्महरुको प्राविधिकहरुबाट स्थलगत अनुगमन गरि व्यावसायका लागि उचित रहेको सिफारिस गरिनुपर्ने छ ।

**५.वितरण भएका बाख्रा, पाठापाठी तथा बोका पालक कृषकले तपसिल बमोजिमका शर्तहरु पालना गरेको हुनुपर्नेछ :-**

१) बाख्रा, पाठापाठी तथा बोका पालक कृषकले भौगोलिक क्षेत्र र मौषम सापेक्ष उचित किसिमको खोर व्यावस्थापन गर्नुपर्नेछ ।

२) दैनिक पोषिलो दाना पानी सँगै रोगको  उपचार तथा आन्तरिक परजीविबाट बचाउने उपायहरुको अवलम्बन गर्नु पर्ने छ ।

३) गाउँपालिकाद्वारा वितरण गरिएको बाख्रा तथा पाठा पाठीहरुको अवस्था,उत्पादन र बृद्धि विकासको तथ्याङ्क ३/३ महिनामा सम्बन्धित वडाका पशु प्राविधिकहरु मार्फत गाउँपालिकामा जानकारी गरानुपर्ने छ ।

४) उन्नत जातको बोकाको हकमा समुह भित्र तथा समुह बाहिरका सबै कृषकहरुले ल्याएको सबै स्वस्थ बाख्रालाई प्रजनन् सेवा उपलब्ध गराउनुपर्नेछ ।

५) उन्नत जातको बोकाको सेवा शुल्क समुहका सदस्यहरुलाई प्रक्तेक पटक रु. ५०।- र समुह बाहिरका कृषकहरुलाई प्रत्येक पटक रु. १००।- का दरले लिन सक्नेछ । सेवा शुल्क वापत प्राप्त रकम बोका पालकले किसानलाई बोका पालनपोषणमा शतप्रतिशत खर्च गर्न सक्नेछ तर कति बाख्रामा प्रजनन सेवा उपलब्ध गराएको हो सोको रेकर्ड अध्यावधिक गरी राख्नु पर्नेछ ।

६) प्रजननका लागि पालिएको बोका बाहेक अन्य बोकाहरुलाई Castration गरी राख्नुपर्नेछ ।

**६. बाख्रा, पाठापाठी तथा बोयर बोका व्यावस्थापन सम्बन्धि व्यावस्था :-**

१. बाख्रा तथा पाठापाठीहरु मरेमा वडाका जनप्रतिधी र पशु प्राविकिहरुको उपस्थितिमा सर्जिविन मुचुल्का उठाई नस्ट गरिने छ ।

२. बोयर बोकाको प्रजनन उमेर ५ बर्ष सम्म हुने भएता पनि बोकाको प्रजजन् स्वास्थ्यको मध्ययनजर गरी ३ बर्ष पछि बोका परिवर्तन गर्न कुनै बाधा पर्ने छैन ।

३. उपदफा २ बमोजिम बोका परिवर्तन गर्नका लागि तपसिल बमोजिमका प्रक्रियाहरु पुरा गर्नु पर्ने छ ।

क) बोयर बोका परिवर्तनका लागि समुहले लिलाम बिक्रि गर्नुपर्नेछ । लिलाम विक्रि गर्दा वडाका जनप्रतिनिधीहरु र वडाका पशु प्राविधिकहरुको रोहवरमा गर्नुपर्नेछ ।

ख) लिलाम विक्रि नियम अनुसार कबोलदाताहरु मध्ये सबैभन्दा बढी कबोल गर्ने कबोलदाता लाई दिनुपर्ने छ ।

ग) लिलाम बिक्रि पश्चात प्राप्त हुन आउने रकम मध्ये पालक किसानलाई ७५% र कृषि समुहलाई २५ % दिनुपर्नेछ । तर व्यक्तिगत अनुदानमा प्राप्त बोकाको हकमा शतप्रतिशत व्याक्तिकै हुनेछ ।

घ) लिलाम बिकी पश्चात दोस्रो पटक नयाँ बोका ल्याउनका लागि समुहले २५%,पालक किसानले २५% र गाउँपालिकाले अनुदान ५०% गरेर ल्याउन सकिनेछ वा समुह आँफैले शतप्रतिशतमा समेत परिवर्तन गर्नुपर्नेछ । तर व्यक्तिगत अनुदानको हकमा व्याक्ति स्वयमले शतप्रपतिशत परिवर्तन गर्नुपर्नेछ वा गाउँपालिकाले १० देखि ३० प्रतिशत सम्म पुनः अनुदान दिन सक्नेछ ।

ङ) गाउँपालिकाको अनुदान प्राप्त गर्नका लागि पशु वीमा गरेको बोका ल्याउनु पर्ने छ र वीमा वापत लाग्ने संपुर्ण रकम बोका पालक कृषकले व्यहार्नु पर्नेछ ।

**७. अनुगमन :-**

गाउँपालिकाद्वारा जुनसुकै समयमा अनुदानमा आधारित कार्यक्रमहरुको अनुगमन गरिनेछ ।

अनुगमनको क्रममा कुनै व्यहोरा झुट्ठा ठहरेमा झुट्ठा गर्ने र सो कार्यमा सहयोग गर्ने लाई समेत गाउँपालिकाको निर्णय बमोजिम तोकीएको कार्य पुरा गर्न लगाई सजाय समेत गर्न सकिनेछ ।

८. **खारेजी र बचाउ :-** यो कार्यविधि पारित हुनुभन्दा अगाडीका कियाकलापहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

९. वीमा नविकरण बोका पालक संम्बन्धीत किसानले गर्नु पर्ने छ ।